नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
पुरातत्व विभाग

**वीड आव्हानको सूचना**

सूचना न. ०६/२०७८/०७९
प्रकाशित मिति : २०७८/०९/०२

१. चालु आ.व. २०७८।७९, पुरातत्व विभागको स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायका कार्यहरु सिलबन्दी बोलपत्र/दरभाउपत्रबाट गर्नको लागि यो सूचना प्रकाशित गरिएकोले इच्छुक निर्माण व्यवसायीहरुबाट देहायका शर्तहरुको अधिनमा रही सिलबन्दी बोलपत्र /दरभाउपत्रबाट आव्हान गरिएको छ ।

२. बोलपत्र/दरभाउपत्रको ग्राह्यता (इलिजिबिलिटी) को आधार तथा त्यस्तो आधार प्रमाणित गर्न बिडदाताले देहायका कागजातहरु पेश गर्नु पर्नेछ :
(क) फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपि । (ख) मू.अ.क.दर्ता प्रमाणपत्र, प्यान (PAN) प्रमाणपत्रको प्रतिलिपि ।
(ग) आ.व. २०७७।०७८ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि । (घ) बिडदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणाको सक्कल प्रति ।

३. बिड फारम खरिदको लागि देहायमा उल्लेखित दस्तुर बुझाइ फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपि, मू.अ.क.दर्ता प्रमाणपत्र, प्यान (PAN) प्रमाणपत्रको प्रतिलिपि र आ.व. २०७७।०७८ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न गरी तोकिएको समयभित्र यस विभागमा निवेदन दिनुपर्नेछ । प्रतिलिपि कागजातहरु अनिवार्य रुपमा नोटरी पब्लिकबाट प्रमाणित भएको हुनुपर्नेछ । बिड खरिद तथा दाखिला गर्ने अन्तिम मिति तल उल्लेख भए अनुसार हुनेछ ।

४. बिल अफ क्वाण्टिटीजमा आइटमवाइज दर रेट अंक र अक्षर दुवैमा लेखिएको हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

५. बिड कागजातको मान्य अवधी बिड दाखिला गर्ने अन्तिम मितिबाट दरभाउपत्रको हकमा ४५ दिन र बोलपत्रको हकमा ९० दिनको हुनेछ । बिडदाताले तल उल्लेखित गरिएको रकममा नघटाई नगद वा मान्यता प्राप्त बैंक तथा वीत्तिय संस्थाबाट यस विभागको नाममा जारी गरेको बिड कागजातको मान्य अवधि भन्दा कम्तिमा ३० दिन बढी अवधिको बैंक ग्यारेण्टी(बिड बण्ड) को सक्कल प्रति पेश गर्नु पर्नेछ । नगद जमानतको लागि ने.रा.बैंक, थापाथलीस्थित को.ले.नि.का., थापाथलीको एकल कोष धरौटी खाता नं. १२०१२००००१००२५२४, कार्यालय कोड नं. ३२५०२३५०१ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ ।

६. बिड दाखिला गर्ने म्याद अन्तिम मितिको १२ बजेसम्म हुनेछ भने पेश हुन आएका बिडहरु सोही दिन दिनको २:०० बजे बिडर वा निजको प्रतिनिधिको रोहबरमा यस विभागमा खोलिने छ । बिडर वा प्रतिनिधि उपस्थित नभए पनि सिलबन्दी बिड खोल्न बाधा पर्ने छैन । बोलपत्र फिर्ता वा संशोधन गर्न चाहेमा बोलपत्र दाखिला गर्ने अन्तिम मिति तथा समय भन्दा कम्तिमा चौवीस घण्टा अगावै सिलबन्दी निवेदन दर्ता गराउनु पर्नेछ ।

७. एक फर्मको नाममा खरिद गरिएको बोलपत्र फाराम अर्को फर्मको नामबाट दाखिला गर्न पाईने छैन ।

८. बिडरको योग्यताका आधारहरु बिड कागजातमा उल्लेख भए अनुसार हुनेछ ।

९. सूचनाको दफा २ बमोजिमका कागजातहरु नभएको, रीत नपुगेको, म्याद नाघी प्राप्त भएको, कुनै शर्त राखेको, दस्तखत तथा छाप नभएको बिड उपर कारवाही हुने छैन

१०. बिड कागजात खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो लगत्तै कार्यालय खुलेको दिन क्रमशः सोही समयमा हुनेछ । तर बिड मान्य अवधि र बिड जमानत मान्य अवधि शुरुकै मितिबाट कायम हुनेछ ।

११. कुनै पनि बिड स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस विभागमा सुरक्षित रहनेछ । साथै बिड आव्हानको सूचनामा कुनै संशोधन वा परिमार्जन भएमा यस विभागको सूचनापाटीमा टाँस गरिनेछ ।

१२. यो सूचनामा उल्लेख गरिए बाहेक अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानून अनुसार हुनेछ ।

१२ **E-bidding**

क. E-bidding गर्ने बोलपत्रदाताहरुले यस विभागलाई सार्वजनिक खरिद अनुगमन कार्यालयबाट उपलब्ध भएको भवन निर्माण सम्बन्धी E-bidding को अन्तरिम Portal प्रयोग गर्नु पर्नेछ । उक्त web मा login गरी प्राप्त निर्देशन अनुसार इच्छुक बोलपत्रदाताहरुले निम्न बोलपत्रमा भाग लिन सक्नेछन् ।

ख. बोलपत्र साथ पेश गर्नु पर्ने कागजातहरु E-bidding Portal www.bolpatra.gov.np/egp, मा Scanned Copy Upload गर्नु पर्नेछ । यसरी सहभागी हुने बोलपत्रदाताहरुले बोलपत्र फाराम दस्तुर बापतको को.ले.नि.का. थापाथलीको नेपाल राष्ट्र बैंक स्थित (रा.वा.बैंक टेकु शाखामा बुझाउने) राजस्व खाना नं. क-१-१-९९९ राजश्व शिर्षक १४२२९ कार्यालय कोड नं. ३२५०२३५०१ मा जम्मा गरेको बैंक भौचरको Scanned Copy Upload गर्नुपर्ने छ ।

ग. E-submission गर्ने बोलपत्रदाताहरुले बोलपत्र दर्ता गर्ने अन्तिम दिनको १२:०० बजे भित्र PDF Format मा Upload गरिसक्नु पर्नेछ । Upload भएका बोलपत्रहरु सोही दिनको २:०० बजे खोलिनेछ । Upload भएका बोलपत्रहरु सम्बन्धि कागजातहरुका सम्बन्धमा बिभागलाई आवश्यक ठानेमा सक्कल कागजातहरु माग गर्न सक्नेछ । माग गरेका सक्कल कागजात समयमा नै पेश नगरेमा मुल्यांकनमा समावेश गरिने छैन ।

घ. निर्माण व्यवसायीले E-bidding मार्फत पेश गरेको बोलपत्र खोल्ने समयमा निजको ई-बिड दर्ता भएको नदेखिएमा वा Upload गरिएका फाईल Unreadable Format वा Corrupted भएमा मुल्याङ्कनमा समावेश गरिने छैन ।

| सि.न | ठेक्का न. | कामको विवरण | लागत अनुमान रकम (भ्याट र कन्टिजेन्सी बाहेक) | वीड जमानत रकम | विड फारम दस्तुर | ई बिडिङ्ग सुविधा | विड फारम खरिद गर्ने अन्तिम मिति | विड दाखिला गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|---|---|---|
| १ | DOA Re-११/०७८/७९ | दामोदर पाण्डेको शालिक निर्माण कार्य | १५,३८,०००।०० | ४२,५००।०० | १,०००।०० | छैन | २०७८।०९।१६ | २०७८।०९।१८ |
| २ | DOA Re-१६/०७८/७९ | मंगलशैनि मन्दिर पुन निर्माण तथा संरक्षण गर्ने कार्य,कमलबजार न.पा-५,अछाम | ५,९९,२२९।८७ | १६,५००।०० | १,०००।०० | छैन | २०७८।०९।१६ | २०७८।०९।१८ |
| ३ | DOA Re-१८/०७८/७९ | वालेश्वर मन्दिर संरक्षण गर्ने कार्य,दु.न.पा-८,वालेश्वर,दैलेख | ८,२२,२७।४४ | ४६,५००।० | १,०००।०० | छैन | २०७८।०९।१६ | २०७८।०९।१८ |
| | | दैलेख नाभिस्थान परिसरको सत्तल संरक्षण गर्ने कार्य,दुल्लु न.पा.-१०,दैलेख | ८,५३,४१३।१३ | | | | | |
| | | कूल जम्मा | १६,७५,६८४।५७ | | | | | |
| ४ | DOA Re-२१।०७८।७९ | मथुरापौवा संरक्षण गर्ने कार्य, अर्घाखाँची | ८,५३,९३४।४३ | २३,५००।०० | १०००।- | छैन | २०७८।०९।१६ | २०७८।०९।१८ |
| ५ | DOA Re २५।०७८।७९ | कालिका मन्दिर संरक्षण गर्ने कार्य, महावै गा.पा-४, डिल्लीकोट, कालीकोट | ७,७५,१४०।१४ | २१,५००।०० | १०००।- | छैन | २०७८।०९।१६ | २०७८।०९।१८ |

Scanned with CamScanner